**बैठक संख्या: ४**

आज मिति २०८१।०७।१३ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुंवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री बाबुराम पौडेल | सदस्य-सचिव |

Scanned with CamScanner

बैठक मिति :२०८१।०७।१३

<u>निर्णयहरु :</u>

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्वन्धमा।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.९८, मिति २०८१।०६।१४ को पत्र साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव सम्वन्धमा छलफल गरी प्राप्त सुझाव पालना र कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो।

२. अनकल सेवा सम्वन्धमा।

चालु आ.व.२०८१/०८२ को वार्षिक कार्यक्रम अन्तर्गत आकस्मिक रोग नियन्त्रण, उपचार सेवा, कृषकको घरगोठमा अनकल सेवा शिर्षकमा रु.२,००,०००/- बजेट विनियोजन भई पशु सेवा शाखामा कार्यरत पशु चिकित्सक र कर्मचारी मार्फत कार्यालय समयभन्दा अतिरिक्त समय र सार्वजनिक बिदाको दिनमा समेत कृषकको घरगोठमै गई आकस्मिक उपचार सेवा प्रदान गर्दै आईरहेकोमा उक्त सेवा प्रदान गर्ने कर्मचारीलाई कार्यालय समयभन्दा अतिरिक्त समयमा सो सेवा प्रदान गरेको अवस्थामा प्रतिदिन प्रतिव्यक्ति अधिकतम रु.५,००/- मा नबढ्ने गरी प्रोत्साहन सुविधा उपलब्ध गराउने निर्णय गरियो।

३. सडकबोर्ड नेपाल अन्तर्गतका योजना छनौट सम्वन्धमा।

गत विगत आर्थिक वर्षहरुमा सडकबोर्ड नेपाल अन्तर्गत प्राप्त रकम मध्ये खर्च भई मौज्दात बाँकी रहेको रकम, चालु आ.व.२०८१/०८२ को लागि सडकबोर्ड नेपाल मार्फत प्राप्त हुने रकम तथा शिवराज नगरपालिका मार्फत चालु आर्थिक वर्षमा नगर भित्रका जिर्ण सडक मर्मत शिर्षकमा बिनियोजित रकमलाई एकिकृत गरी स्थानीय ग्रामिण सडक पूर्वाधारहरुको मर्मत संभार कार्य गर्न वडा स्तरबाट आयोजना संकलन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

४. बेतलवी विदा स्वीकृत सम्वन्धमा।

यस नगरपालिकाको आर्थिक प्रशासन शाखामा सहायक पाँचौ (लेखापाल) पदमा कार्यरत कर्मचारी श्री रिता खनाल (क.सं.नं.२३८१५७) प्रसुती भई नियमानुसार ९८ दिनको प्रसुती बिदा भुक्तान गरिसकेको र निजले बच्चाको हेरचाहको लागि मिति २०८१/०७/०१ देखि लागू हुने गरी थप ६(छ) महिनाको बेतलवी बिदा माग गरेको हुँदा निजको माग बमोजिम ६(छ) महिनाको बेतलवी बिदा स्वीकृत गर्ने निर्णय गरियो।

५. मृतक कर्मचारीको सेवा सुविधा भुक्तानी सम्वन्धमा।

यस नगरपालिका अन्तर्गत थुन्हिया स्थास्थ्य चौकीमा करार सेवामा चौकिदार(पाले) पदमा कार्यरत कर्मचारी श्री सवरजित चमारको मिति २०८१/०४/१८ गतेका दिन असमायिक मृत्यु भएको तथा निज मिति २०८१ श्रावण १ गते देखि २०८१/०४/१७ गते सम्म नियमित कार्यालयमा हाजिर भई कामकाज गरेको तर निजको उक्त अवधिको करार सम्झौता भई नसकेको हुँदा निज कार्यरत रहेको जम्मा अवधि १७ दिनको खाईपाई आएको पारिश्रमिक सुविधा निजको श्रीमती जुगरी चमारको नाममा भुक्तानी दिने निर्णय गरियो।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकिय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner

**६. आधारभूत अस्पतालका कर्मचारीको प्रोत्साहन सुविधा सम्वन्धमा।**

यस नगरपालिका वडा नं.५ मा संचालित आधारभूत स्वास्थ्य सेवा अस्पतालका केही विभागहरुमा अत्याधिक कार्य चापका कारण सिमित कर्मचारीहरुले कार्यालय समयभन्दा अतिरिक्त समय र सार्वजनिक बिदाको दिन समेत कार्य सम्पादन गर्नु परिरहेको हुँदा त्यसरी अतिरिक्त समय सम्पादन गरेको कामको लगत राखी अस्पतालकै कोषबाट खर्च हुने गरी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिमको अतिरिक्त सुविधा प्रदान गर्न अस्पताललाई सहमती दिने निर्णय गरियो।

**७. बसपार्क, हाटबजार र कभर्डहल निर्माणको लागि जग्गाको भोगाधिकार प्राप्ती सम्वन्धमा।**

यस नगरपालिका अन्तर्गत ब्यवस्थित बसपार्क र हाटबजार निर्माण तथा निर्माणाधिन कभर्डहल आयोजना यस नगरपालिकाको नगर गौरवको आयोजना(नगरको पहिलो प्राथमिकता प्राप्त विकास आयोजना-P1) रहेको तथा सो आयोजना निर्माणको लागि नगर विकास कोष मार्फत रु.१० करोड ऋण अनुदान समेत स्वीकृत भईसकेकोमा उक्त आयोजना संचालन गर्न जग्गा अभाव भई वनक्षेत्र प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प सम्भव नदेखिएकोले उक्त विकास आयोजनाको लागि कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं.५ अन्तर्गत पर्ने देहायबमोजिम चौकिल्ला भित्रको राष्ट्रिय वन क्षेत्र भित्र पर्ने करिव ३-०-० (तिन विगाहा) क्षेत्रफलको कुनै ठुला रुख बिरुवा नभई हाल आंशिकमा हाटबजार संचालन भईरहेको तथा बाँकी झाडी र बुट्यान रहेको जग्गाको भोगाधिकार प्राप्तीको लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

चारकिल्ला :-

पूर्व : रिफ्रेस सेन्टर, राष्ट्रिय बन

पश्चिम : वडा प्रहरी कार्यालय चन्द्रौटा, राष्ट्रिय मा.वि., शिवराज नगरपालिका कार्यालय

उत्तर : जवई खोला

दक्षिण : महेन्द्र राजमार्ग

**८. निर्माणाधिन नगरपालिका प्रशासकीय भवनको जग्गा प्राप्ती सम्वन्धमा।**

यस नगरपालिकाको निर्माणाधिन प्रशासकीय भवनको लागि कपिलवस्तु जिल्ला शिवराज नगरपालिका वडा नं.५ रहटकोल (साविक विरपुर गा.वि.स.वडा नं.९/क) अन्तर्गत कित्ता नं.५८, जम्मा क्षेत्रफल ०-१५-१५ विगाह मध्ये स्थानीय नागरिकहरुले भोगचलन गर्दै आईरहेको क्षेत्रफल छुट्याई बाँकी रहने क्षेत्रफल र कित्ता नं.५९ को जम्मा क्षेत्रफल ०-२-० विगाह को जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धि कार्यनीति,२०७९ बमोजिम प्राप्तिको लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**९. ठेक्का रद्ध गर्ने सम्वन्धमा।**

यस नगरपालिका प्रशासकीय भवनमा सेवा प्रवाह सहजताको लागि ट्रस सहितका पूर्वाधार निर्माण कार्य गर्न मिति २०८१/०६/१६ मा आह्वान गरिएको ठेक्का नं.SM/OB/081/082-19 को ठेक्का रद्ध गर्ने निर्णय गरियो।

**१०. नदीजन्य पदार्थको IEE निर्माणको लागि कार्यसूची स्वीकृत गर्ने सम्वन्धमा।**

यस नगरपालिका अन्तर्गतका खोलानालाहरुबाट नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरण गर्ने प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन निर्माण गर्न तयार गरिएको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner

बैठक मिति :२०८१।०७।१३

**११. १५ शैया आधारभूत अस्पतालको विस्तृत आयोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने सम्वन्धमा।**

यस नगरपालिका अन्तर्गत प्रस्तावित १५ शैया आधारभूत अस्पताल निर्माणको लागि सेवा परामर्शको माधमद्धारा तयार गरिएको विस्तृत आयोजना प्रतिवेदन (DPR) स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

**१२. सोनवागढ र लक्ष्मणघाटको विस्तृत आयोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने सम्वन्धमा।**

यस नगरपालिका भित्र रहेका प्राचिन तथा ऐतिहाँसिक क्षेत्रहरु वडा नं.३ को सोनवागढ र वडा नं.८ को लक्ष्मणघाटको निर्माणको लागि सेवा परामर्शको माधमद्धारा तयार गरिएको विस्तृत आयोजना प्रतिवेदन (DPR) स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

**१३. गत विगत वर्षका अधुरा योजना कार्यान्वयन सम्वन्धमा।**

गत विगत्त आर्थिक वर्षहरुमा ठेक्का सम्झौता भई समयमै कार्य सम्पन्न हुन नसकेका विभिन्न योजनाहरु मध्ये यस नगरपालिकाको नगरसभाको १५ औं अधिवेशनबाट चालु आर्थिक वर्षमा कार्य सम्पन्न गर्ने गरी तपसिल बमोजिमका ठेक्का नं. का योजनाहरुमा बजेट समेत व्यवस्थापन भएको हुँदा उल्लेखित योजनाहरुको सम्वन्धमा निर्माण व्यवसायीले साविककै सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गरी आएमा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ अनुसार भुक्तानी हुने गरी योजना कार्यान्वयन गर्ने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

<u>तपसिल</u> :-

१. ठेक्का नं. : SM/RD/078/079-26

२. ठेक्का नं. : SM/STW/078/079-27

३. ठेक्का नं. : SM/NCB/078/079-38

**१४. नगर युवा परिषद्का उपाध्यक्षको पारिश्रमिक तथा सुविधा सम्वन्धमा।**

नगर युवा परिषद् संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० को दफा ५ को उपदफा १(ख) बमोजिम मनोनीत नगर युवा परिषद्का उपाध्यक्ष श्री राज कुमार चौधरीलाई सोही कार्यविधिको दफा २० को उपदफा (२) बमोजिम मिति २०८१ मंसिर १ गते देखि लागू हुने गरी मासिक रु.२०,०००/- को दरले पारिश्रमिक सुविधा उपलब्ध गराउने निर्णय गरियो।

निर्णय प्रमाणित
बाबुराम पौडेल
प्रमुख प्रशासकिय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चनौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner